"कृषि, पशु, वन, पर्यटन विकासको आधार : स्वास्थ्य, शिक्षा, सडक समृद्ध मेलुङको पूर्वाधार"

# आर्थिक वर्ष २०७९/०८० को
# नीति तथा कार्यक्रम तथा बजेट

# मेलुङ गाउँपालिका
## भेड्पु, दोलखा
### बागमती प्रदेश, नेपाल

## मेलुङ गाउँपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम

गाउँ सभाका उपाध्यक्ष महोदय,

गाउँ सभाका सदस्यज्यूहरू,

१. नेपालको संविधान, २०७२ जारी भएपछि स्थानीय तहको दोस्रो पटक निर्वाचन सम्पन्न भएको छ। निर्वाचित जनप्रतिनिधिहरुले स्थानीय स्तरमै स्थानीय शासनको प्रयोग गर्ने अवसर पाएका छन् । स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा मेलुङ गाउँपालिकाका आदरणीय जनताको अमूल्य अभिमतले अध्यक्ष पदमा निर्वाचित भई आज यो गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु। जनसेवा गर्ने यो महत्वपूर्ण अवसर पाउँदा आफूलाई गौरवान्वित भएको महशुस गरेको छु।

२. लोकतन्त्र, मानव अधिकार र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै वीर शहीदहरु, बेपत्ता भएका र पीडित नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. सङ्घीय लोकतन्त्रको प्रमुख आधारशीलाको रुपमा रहेको स्थानीय तह निर्वाचन शान्तिपूर्ण ढङ्गले सफल गर्न महत्वपूर्ण सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण मेलुङवासी मतदाता आमाबुवा, दाजुभाई, दिदीबहिनी, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दल लगायत प्रत्यक्ष परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

४. मुलुक सङ्घीय संरचनामा निर्माण भएपछि साविकका पाँच वटा गा.वि.स.हरु मिलाएर मेलुङ गाउँपालिका बनेको हो । तर लामो समयासम्म जननिर्वाचित प्रतिनिधी विहिनको अवस्था रहयो । जनप्रतिनिधित्वको रिक्ततालाई चिर्दै दोश्रो पटक जनताबाटै प्रत्यक्ष निर्वाचित प्रतिनिधिहरु पाएको छ। यसबाट जनताका लागि विकास र सुशासनका समस्याहरु जनताको घरदैलोमा नै सम्बोधन हुनेछ ।

५. कृषि प्रधान मुलुकको यस पालिकामा कृषि व्यवसाय, स्वउद्यम तथा रोजगारीका माध्यमबाट जनताको आर्थिक अवस्थामा सुधार आईरहेको छ। समग्रमा गाउँपालिका आर्थिक वृद्धिको लागि उत्पादनमा वृद्धि गरी आर्थिक विकासका अन्य महत्वपूर्ण कदमहरु चाल्नुपर्ने आवश्यकता रहेको छ ।

६. मेलुङ गाउँपालिका विविध जातजाती, भाषाभाषी र संस्कृतिका अनुयायीहरुको मिश्रित बसोबास रहेको गाउँपालिका हो । यस गाउँपालिकामा सामाजिक सद्भाव र एकता साझा सुत्रमा बाँधिएर रहनु भएका मेलुङबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुले विविधतामा एकतालाई चरितार्थ बनाउनु भएको छ ।

७. मुलुक प्रशासनिक सङ्घीतामा गएसँगै गाउँमै सिंहदरबारको अधिकार आएको छ ।स्थानीय तहमै ज्ञान, सीप, क्षमता र दक्षता भएका क्षमतावान् कर्मचारीहरु रहनाले नीति तथा कार्यक्रम

कार्यान्वयन प्रभावकारी भएको छ। सातवटै वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, प्रहरी चौकी, बैंक तथा वित्तीय संस्था, विद्यालयहरुले प्रशासनिक सेवा प्रवाह गरिरहेका छन्।

९. भौगोलिक हिसाबले समतल भूभागदेखि लिएर हिमाली भूगोलसम्म रहेको यस गाउँपालिका जलवायुका दृष्टिले अत्यन्तै मनोरम रहेको छ ।महाभारत पर्वतको सबैभन्दा अग्लो स्थानमा रहेका सय थुम्कीहरुको रहेको स्वार्गानुभूति हुने स्थान शैलुङ डाँडा लयागतका पर्यटकीय स्थलहरुको प्रबर्द्धन गरी आर्थिक वृद्धिका लागि महत्वपूर्ण पक्षका रुपमा विकसित गर्नु टड्कारो आवश्यक देखिन्छ।

१०. गाउँपालिकाका सबै वडाहरु सडक सञ्जालमा जोडिएका छन्। वडा कार्यालयबाट प्रदान गरिने सेवाहरु ५ वटा वडामा आफ्नै सुविधासम्पन्न भवनबाट प्रदान गरिएको छ। २ वटा वडामा भवनहरु निर्माणाधिन छन्।

११. कृषि क्षेत्रमा यान्त्रीकरणको माध्यमद्धारा कृषकहरुलाई व्यवसायीक कृषितर्फ उन्मुख भएका छन् ।

१२. व्यवसायिक पशुपालनलाई जोड दिनका लागि नमुना गोठ सुधार कार्यक्रम र खोर सुधार कार्यक्रम सञ्चालन गरिएका छन्। यसले कृषकहरुको जीवनस्तरमा सुधार आएको छ।

१३. गाउँपालिका तथा वडा कार्यालयहरुमा फाइवर प्रविधिको इन्टरनेट जडान कार्य भइरहेको छ ।

१४. प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत गाउँपालिकाभीत्रका २०० परिवार लाभान्वित भएका छन् ।

१५. व्यक्तिगत घटना दर्ता पूर्ण रुपमा अनलाईन प्रणालीद्धारा सञ्चालन भइरहेको छ। सामाजिक सुरक्षा भत्ता वितरण वैंकिङ्ग प्रणालीमार्फत भईरहेको छ।

१६. नयाँ स्वास्थ्य संस्थाका भवनको निर्माणसँगै जनताको स्वास्थ्यमा पहुँच वढेको छ।

१७. विभिन्न उपायद्धारा शिक्षणसिकाई क्रियाकलाप प्रभावकारी भइरहेका छन्।

१८. स्थानीय स्तरमा न्यायिक सेवामा आम नागरिकको पहुँच वढेर गएको छ।

१९. विभिन्न प्रकारका उद्यमशिलता प्रवर्द्धन गर्ने तालिमहरु सञ्चालन भएका छन्। जसको माध्यमबाट वडावडामा नयाँ उद्यमीहरु बढेका छन्।

२०. गाउँपालिकास्तरीय खानेपानी तथा सिञ्चाइ योजनाहरुको कार्यान्वयनबाट स्वच्छ पिउने पानी तथा खेतीयोग्य जमिनमा सिञ्चाई सुविधा थप भएको छ।

२१. मठमन्दिर, गुम्बा, चर्च, प्रतिक्षालय, आर्यघाट, पाटीपौवाहरुको निर्माणबाट सांस्कृतिक प्रवर्द्धनलाई वढावा दिइएको छ।

२२. लक्षित वर्गका कार्यक्रमहरु सञ्चालन भएका छन्।

२३. विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि देहाएका अवसर तथा चुनौतिहरु विद्यमान रहेका छन् ।

**क. विद्यमान अवसरहरु**

- खेतीयोग्य भूमी प्रयाप्त मात्रामा रहनाले भ्लनष्लभ या भअयलफष्अ नचयधतज का रुपमा विकास गर्न सकिने,
- पशुपालनको माध्यमबाट आर्थिक समृद्धि हासिल गर्ने अवसर रहेको,
- पर्यटनको विकासद्धारा अर्थोपार्जनको राम्रो सम्भावना रहेको,
- स्थानीय कर संकलन गरी आन्तरिक आम्दानी गर्न सकिने ।
- होमस्टेको प्रवर्द्धनमार्फत पर्यटन क्षेत्रको विकास गर्न सकिने ।
- गाउँपालिकामा रहेको द्धयलगक एयउगबितष्यल उपयोग गरी उत्पादन वृद्धि गर्न सकिने ।
- धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका सम्पदा तथा स्थानहरुको संरक्षण तथा प्रवर्द्धन गरी धार्मिक स्थालका रुपमा विकास गर्न सकिने ।
- जीवनदायीनी जडिबुटीहरुको वैज्ञानिक रुपमा संकलन एवं प्रसोधन गरी आयआर्जन गर्न सकिने ।

**ख. विद्यमान चुनौतीहरु**

- कठिन भू धरातल रहनु,
- आन्तरिक आयश्रोतको कमी,
- प्राकृतिक प्रकोपहरुको जोखिम रहनु,
- विकास प्रकृयाका बारेमा स्थानीय वासिन्दाहरुसङ्ग पूर्ण जानकारी नहुनु,
- गाउँपालिकाको ठूलो भूभागमा नापी नक्साको काम हुन नसक्नु,
- सेवा केन्द्रहरु भौगोलिक हिसावले टाढा रहनु,
- भीडले सबै काम गर्न सक्छ भन्ने मनोविज्ञान रहनु,
- शिक्षाको गुणस्तरमा सुधार ल्याउनु,
- वैंक तथा वित्तिय संस्थाको पहुँच आम नागरिकमा पुऱ्याउनु,
- दरवन्दी अनुसारका कर्मचारीको अभाव,

२४. नीति तथा कार्यक्रम तर्जुमाका क्रममा देहाएका आधारहरु लिइएको छ ।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघ, प्रदेश र स्थानिय तहको अन्तरसम्बन्ध ऐन, २०७४

- चालु पन्ध्रौं योजना
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- वागमती प्रदेशको आवधिक योजना
- मेलुङ गाउँपालिकाको आवधिक योजना
- मेलुङ गाउँपालिकाको पार्श्वचित्र

उपाध्यक्ष तथ गाउँसभा सदस्यज्यूहरु

अव म क्षेत्रगत रुपमा यस गाउँपालिकाले आ.व. २०७९/०८० मा लिएका नीतिहरुका बारेमा जानकारी गराउँदछु ।

**आर्थिक विकास तर्फ**

कृषि तथा पशुपालन

- ***व्यवसायीक तरकारी, फलफूल खेती र पशुपालन मेलुङको सानः आलु उत्पादनमा हाम्रो आफ्नै पहिचान ! भन्ने नाराका साथ*** प्रत्येक वडामा एक जना कृषि/पशु प्राविधिकको व्यवस्था गर्दै लगिनेछ ।
- कृषि तथा पशुपालन गुरुयोजना निर्माण गरीनेछ ।
- हावा, पानी र भूगोलका आधारमा कृषिका पकेट क्षेत्रहरु पहिचान गरी प्रत्येक वडामा कम्तिमा एउटा कृषि पकेट क्षेत्र घोषणा गरी कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ ।
- खाद्य बैंकको स्थापना गरीनेछ ।
- युवाहरुलाई कृषिमा प्रोत्साहन गर्न **उद्यमशीलता विकास को**ष स्थापना गरी अनुदानको व्यवस्था गरीनेछ ।
- कृषिमा समपुरक कोष ९ःबतअजष्लन ँगलम० को व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा आवद्ध/दर्ता भएका कृषक समूह, कृषि सहकारी र निजी कम्पनीको क्षमता अभिवृद्धि गरी **कृषि उपज सङ्कलन** केन्द्र प्रवर्द्धन गर्दै थप केन्द्रहरु स्थापना गरिनेछ ।
- "कोदो, फापर र गहुँलाई स्वागत गरौं, जंकफुडको सेवनलाई तिरस्कार गरौं" भन्ने नारालाई स्थापित गर्दै लगिनेछ ।
- गाउँपालिकाको निश्चित क्षेत्रमा पहिचानको आधारमा व्यवसायिक मौरीपालन कार्यक्रम संचालन गर्दै लगिनेछ ।
- कृषि उपजको व्यवस्थित बजारीकरणका लागि द्रुत कृषि ढुवानी सेवा (Fast Agricultural Transportation Service - FATS) को व्यवस्था मिलाइनेछ ।

- विगत वर्षदेखि सञ्चालनमा रहेको गोठ/खोर सुधार/नश्ल सुधार, फलफूलका विरुवा वितरण कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिईनेछ ।
- कृषि तथा पशुजन्य उत्पादनलाई बजारीकरणका लागि सहयोग गरिनेछ।
- आवश्यकताका आधारमा दुग्ध चिस्यान/प्रसोधन केन्द्र स्थापना गर्दै लगिनेछ।
- बाँझो जमिनमा व्यक्तिगत तथा सामुहिक खेती गर्नका लागि प्रोत्साहनस्वरुप अनुदान दिईनेछ।
- मेलुङ गाउँपालिकाभित्र बाँदर नियन्त्रणका लागि उपायहरु खोजी गरिनेछ।
- रैथाने जातका बालीहरुको संरक्षण गर्न समुदायमा आधारित बिउ बैंकको स्थापना गरिनेछ
- मेलुङ गाउँपालिकाभित्रका किसानहरुको पहिचान गरि किसान परिचय पत्र वितरण गरिनेछ। सो को आधारमा गाउँपालिकाबाट दिईने सेवा सुविधामा प्राथमिकिकरण गरिनेछ। परिचय पत्र प्राप्त गरेका किसानलाई सहुलियतपूर्ण दरमा कर्जा तथा अनुदानको व्यवस्था गर्न बैंक तथा वित्तिय क्षेत्र र सरकारी/गैरसरकारी क्षेत्रसँग समन्वय गराई किसानको जीवनस्तर सुधारमा जोड दिइनेछ।
- कृषि तथा पशुपालनको क्षेत्रमा सहकार्य, समन्वय र साझेदारीका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरुलाई प्रचलित कानुनको अधिनमा रही कार्य गर्न अनुमती दिईनेछ।
- कृषिमा आवश्यकताका आधारमा उन्नत विउ, औषधी, प्रविधि, तालिम लगायत आवाश्यक सामाग्री व्यवस्था गरिनेछ।
- सबै वडामा विज्ञसहितको पशु तथा कृषि शिविर सञ्चालन गरिनेछ।

**उद्योग तथा वाणिज्य**

- पालिकाभित्र सञ्चालनमा रहेका व्यापार, व्यवसाय, फर्महरुलाई अनिवार्य रुपमा पालिकामा दर्ता गर्ने नीति लिईनेछ। दर्ता नभएका फर्म तथा व्यवसायहरुलाई कारवाहीको दायरामा ल्याईनेछ। पालिकामा दर्ता भएका व्यवसायहरुलाई प्रोत्साहन गर्दै लगिनेछ।
- विभिन्न निकायहरुमा दर्ता भई गाउँपालिकामा सञ्चालित उद्योग तथा व्यवसायहरुलाई पालिकामा व्यवसाय दर्ता गर्नुपर्ने व्यवस्था गरिनेछ।
- गाउँपालिकामा एक नमूना "ग्रामिण औद्योगिक ग्राम" को स्थापनाका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गरी कार्यान्वयनमा जोड दिईनेछ।
- स्थानीय बजारहरुको नियमित अनुगमन गरी व्यापारीहरुलाई मूल्य सुचि अनिवार्य राख्नका लागि अनिवार्य गराइनेछ।

- “उद्यमी बनौं, विदेशीन रौकौं” भन्ने नाराका साथ युवाहरूलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद र अन्य संघसंस्थाहरुको समन्वयमा स्वरोजगारमुलक मागमा आधारित छोटो अवधीको तालिमहरू सञ्चालन गरीनेछ ।
- उद्यमशिलता विकासका कार्यक्रमहरु गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेड्पा सँग आवद्ध गरी सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सम्भावित खानीजन्य उद्योगहरुको सम्भाव्यता अध्ययन गरिनेछ ।

**पर्यटन**

- पर्यटन क्षेत्रको विकासका लागि पर्यटन गुरुयोजना तयार गरिनेछ ।
- तामाकोसी नदीमा र्‍याफ्टिङ लगायतका जलक्रिडाका कार्यक्रमहरु सञ्चालन गर्न आवाश्यक कार्ययोजना निर्माण गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका प्रसिद्ध धार्मीक तथा पर्यटकिय तीर्थ स्थलहरूलाई संरक्षण र सम्वर्द्धन गर्दै पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्र आवश्यकता र सम्भावनाका आधारमा घरबास ९ज्फभ क्तबथ० कार्यक्रम सञ्चालन गरीनेछ ।

**सहकारी तथा वित्तीय क्षेत्र**

- सहकारी गाउँपालिकाभित्र सञ्चालनमा रहेका सहकारीहरुको लेखा परिक्षणबाट आर्थिक अनियमितता देखिएका सहकारीलाई कारवाहीको दायरमा ल्याउन आवाश्यक व्यवस्था गरिनेछ ।
- सहकारी संस्थाहरुमा सहकारी ऐनअनुसार अनुगमन, नियमनको कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । अनुगमन तथा नियमनका क्रममा आर्थिक तथा नीतिगत अनियमितता देखिएका सहकारी संस्थाहरुलाई कारवाहीको दायरामा ल्याईनेछ ।
- सहकारी संस्थाहरुको क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अन्यत्र मुख्य कार्यालय रही यस गाउँपालिकाभीत्र शाखा सञ्चालन गरेका सहकारी संस्थाहरुलाई गाउँपालिकामा आवद्ध गर्दै लगिनेछ ।

**सामाजिक क्षेत्र**

शिक्षा

- **विद्यार्थीसँग अध्यक्ष** कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयमा ०-३ कक्षासम्म अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाका सामुदायिक विद्यालयबाट एसइइ परिक्षामा उत्कृष्ट नतिजा (ए/ए प्लस ग्रेड) ल्याउने विद्यार्थीहरूलाई प्रोत्साहन स्वरुप नगद पुरस्कार तथा प्रमाणपत्रको व्यवस्था मिलाइनेछ ।

- प्रत्येक सामुदायिक विद्यालयलाई विद्यालय व्यवस्थापनका लागि आवाश्यक बजेटको व्यवस्था गरिनेछ ।
- विद्यालय सुधार कार्यक्रम अन्तर्गत शिक्षक तथा कर्मचारी र विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विद्यालय सुशासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धिको लागि विद्यालयमा सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणलाई वास्तविकतामा आधारित बनाइनेछ ।
- मेलुङ गाउँपालिकाभित्रका सामुदायिक विद्यालयबाट एसइइ उतिर्ण गर्ने विद्यार्थीहरुलाई एमविविएस अध्ययन गर्न आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।
- असल अभ्यासहरुको सिकाई आदानप्रदान गर्नका लागि प्र.अ. तथा शिक्षकहरुका लागि शैक्षिक भ्रमणको व्यवस्था गरिनेछ ।
- शिक्षालाई गुणस्तरीय बनाउन गाउँपालिका स्तरीय शैक्षिक गुरुयोजना निर्माण गरिनेछ ।
- शिक्षा क्षेत्रको गुणस्तर वृद्धिका लागि शिक्षक, प्रधानाध्यापक तथा पालिकाबिचमा कार्यसम्पादन सम्झौता गर्ने प्रकृया अगाडि बढाइनेछ । सम्झौता कार्यान्वयनको अवस्थाको नियमित रुपमा अनुगमन गरिनेछ ।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, विभिन्न विश्वविद्यालयसँगको सहकार्यमा विभिन्न विषयगत शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवाश्यक व्यवस्था गरिनेछ ।
- लामो समयसम्म एउटै विद्यालयमा कार्यरत शिक्षकहरुलाई आवश्यकताका आधारमा अन्य विद्यालयमा सरुवा गर्ने प्रकृया सुरु गरिनेछ ।
- सामुदायिक विद्यालयहरुका भौतिक पूर्वाधारलाई बालमैत्री बनाउँदै लगिनेछ ।
- प्रत्येक विद्यालयमा विषयगत प्रयोगशाला/पुस्तकालय/क्ष्त्रृत स्थापना गर्दै लगिनेछ ।
- कुशल विद्यालय व्यवस्थापन समिति, उत्कृष्ट प्र.अ., विषयगत शिक्षक, विद्यार्थी र विद्यालयलाई सम्मान कार्यक्रम संचालनको व्यवस्था गरिनेछ ।
- विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप संचालन गर्ने/गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सञ्चालित स्थानीय पाठ्यक्रमको प्रभावकारिताका लागि विषयगत शिक्षकहरुलाई आवाश्यक तालिम तथा पाठ्यपुस्तकको व्यवस्था गरिनेछ ।
- भाषा तथा मातृभाषा शिक्षा कार्यक्रमको नीति निर्माण गरिनेछ ।
- विद्यार्थीहरुको स्वास्थ्य जाँच गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- गाउँपालिका भित्र कार्यरत शिक्षकहरुको दरबन्दी मिलान तथा कर्मचारी व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।
- मेलुङ गाउँपालिकाको आधारभूत, माध्यमिक शिक्षा ऐन, २०७५ अनुसार यस आ.व. मा शिक्षा नियमावली तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र बाल क्लवको क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गरिनेछ ।
- विषयगत शिक्षकहरूको क्षमता अभिवृद्धि, स्थानीय स्रोत साधनमा आधारित शैक्षिक सामग्रीहरू प्रयोग गरी बालमैत्री शिक्षण सिकाइ अभ्यासलाई निरन्तरता दिइनेछ ।
- विद्यालय सुधार योजनालाई थप व्यवस्थित गर्दै आन्तरिक कोष अभिवृद्धिका सम्भावनाहरूको पहिचान र सोको परिचालन गरिनेछ ।
- विद्यालय बाहिर रहेका बालबालिका तथा विद्यालय उमेर समूहभन्दा बाहिरकाहरुलाई शिक्षाको मूल प्रवाहमा समाहित गराउन विशेष कार्यक्रम बनाइ लागु गरिनेछ ।
- विद्यालय अनुगमनलाई प्रभावकारी बनाई शैक्षिक गुणस्तरको सुदृढिकरण गरिनेछ ।
- भौतिक संरचना निर्माण भइसकेका सामुदायिक विद्यालयहरुमा इ-हाजिरी तथा ऋऋत्ख जडान गर्ने कार्यक्रमलाई निरन्तरता लिइनेछ ।
- विद्यालय हाताभित्र खानेपानी सरसफाई नियमित गरी पूर्ण सरसफाई अभियान सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- विद्यार्थी संख्याका आधारमा विद्यालय समायोजन कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालय तथा समुदायमा बाल क्लबहरू गठन गरी ती क्लबहरू मार्फत विद्यालयमा अतिरिक्त क्रियाकलाप लगायत विभिन्न गतिविधि सञ्चालन तथा व्यवस्थापन गर्दै लगिनेछ ।
- विद्यालयको सहभागितामूलक सङ्कटसन्नता विश्लेषण (एख्) गरी विपद् जोखिम न्यूनीकरण योजना (म्च्च एबिल) बनाइ कार्यान्वयनमा ल्याइनेछ ।
- विद्यालयमा अध्ययन गर्ने छात्राहरूलाई स्यानिटरी प्याडको वितरणलाई निरन्तरता दिइनेछ
- सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई अतिरिक्त पोशाकको व्यवस्था गरिनेछ ।
- सबै माध्यमिक विद्यालयमा स्काउटको प्रभावकारी व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापहरुलाई प्रोत्साहन गर्दै लगिनेछ ।
- माध्यमिक तहसम्मको शिक्षालाई पूर्ण रुपमा निशुल्क गर्ने नीति पूर्णत अवलम्बन गरिनेछ । सो का लागि विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदानको व्यवस्था गरिनेछ ।

**स्वास्थ्य**

- पालिकाभित्रका स्वास्थ्य संस्थामा सुत्केरी भएका महिलाहरुलाई **जनप्रतिनिधि सुत्केरी भेटघाट** कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।
- मेलुङ गाउँपालिकाका नवजात शिशु र आमाको स्वास्थ्यलाई विशेष ख्याल गर्दै सुत्केरी पोषण भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारले लागू गरेको स्वास्थ्य बीमा कार्यक्रमलाई गाउँपालिकामा निरन्तरता दिईनेछ ।
- महिला र नवजात शिशुको स्वास्थ्य अवस्था सुधार गर्नको लागि २४ घण्टे प्रसुति सेवा सञ्चालनमा रहेका स्वास्थ्य चौकीको व्यवस्थापन, क्षमता अभिवृद्धि गर्ने र सबै स्वास्थ्य चौकीमा २४ घण्टे प्रसुति सेवा सञ्चालन गरी श्भचय ज्कभ म्भषिखभचथ अभियानलाई सफल बनाइनेछ ।
- आयुर्वेदिक लगायत अन्य परम्परागत चिकित्सा पद्धति एवं सबै प्रकारको स्वास्थ्य सेवालाई गाउँपालिका स्वास्थ्य कार्यक्रममा समाहित गरी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- स्वास्थ्य स्वयंसेविकाहरूलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ। ६० वर्ष उमेर पुगेका स्वास्थ्य स्वयंसेविकाहरुलाई ससम्मान विदाई गरिनेछ ।
- गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त बनाउनका लागि बजार क्षेत्रहरूमा सार्वजनिक शौचालय निर्माण गर्दै लगिनेछ ।
- गर्भवती महिलाहरूका लागि सुनौला हजार दिन सम्बन्धी सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।
- मेलुङ गाउँपालिकाको भौगोलिक विकटतालाई ध्यानमा राखी जटिल प्रसवपिडाको कारण मातृ तथा शिशुहरूको उच्च मृत्युदर घटाउन स्वास्थ्य चौकीहरूको नजिक हेलिप्याड तयार गरी सञ्चालन गर्दै लगिनेछ ।
- स्वास्थ्य चौकीबाट रेफर गरिएका गर्भवती महिलाहरुलाई सम्बन्धित अस्पताल पुऱ्याउन लाग्ने यातायात खर्चको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्र मापदण्ड पुरा हुने स्थानमा साधन सम्पन्न अस्पताल निर्माणका लागि विशेष पहल गरिनेछ ।
- ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाका नागरिक दुर्घटनामा परि लास पोष्टमार्टम गर्न अस्पताल लाँदा/ल्याउँदा लाग्ने यातायात खर्चलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकामा रहेका स्वास्थ्य चौकीहरुलाई आवाश्यक श्रोतसाधन र प्रविधियुक्त बनाउँदै लगिनेछ ।
- स्वास्थ्य चौकीहरुमा एम्बुलेन्स सेवाको पहुँच क्रमश विस्तार गर्दै लगिनेछ ।

- वडाहरुमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

- मेलुङ गाउँपालिकाका माथिल्लो क्षेत्रमा खानेपानी मुहान नभएका बस्तीहरुमा लिफ्ट खानेपानीको अवधारणा अगाडि बढाईनेछ । साथै होचो भुभागका बस्तीहरुमा ट्युबवेल, डिप वोरिङ, इनार को माध्यमबाट खानेपानीको व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रका खानेपानीका मुहान एकिन गरी सो को लगत राखिनेछ साथै उक्त मुहानहरु सार्वजनिक घोषणा गर्दै मुहान संरक्षण कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भित्र "एक घर एक धारा, एक घर एक शौचालय"को नीति कार्यान्वयन गरिनेछ ।
- स-साना खानेपानीका योजनाहरूलाई समेत प्राथमिकता दिई तत्कालका लागि खानेपानीको सुविधा उपलब्ध गराइनेछ ।
- गाउँपालिका भित्र रहेका खानेपानी उपभोक्ता समितिहरूको समय सापेक्ष गठन पुनःगठन गरी अद्यावधिक गर्दै लगिनेछ ।
- गाउँ बस्तीमा टोल विकास समिति गठन र परिचालन कार्यलाई निरन्तरता दिईनेछ ।
- सरसफाइलाई अभियानको रूपमा नै सञ्चालन गरी :बपभ :भगिलन, ऋभिबल बलम न्चभभल" नारालाई साकार बनाइनेछ ।
- मेलुङ गाउँपालिकाभित्र रहेको प्लाष्टिकजन्य, कवाडीजन्य र सिसाजन्य बस्तुहरुलाई व्यवस्थापन गरिनेछ ।

**संस्कृति प्रवर्द्धन**

- स्थानीय जातजातिहरुको मौलिकता झल्कने गरी साँस्कृतिक प्रदर्शनी मेला आयोजना गरिनेछ ।
- गाउँपालिका भित्र बसोबास गर्ने जातजातिहरुको, कला, संस्कृति, धर्म, भेषभुषा, रितिरिवाज आदी झल्कने संग्रहालय निर्माणको लागि पहल गरिनेछ ।
- गाउँपालिकाका सबै जातजाति, भाषा, धर्म, संस्कृति र मौलिक परम्पराको संरक्षण गरिनेछ ।
- ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटन प्रवर्द्धनका लागि मेलुङ गाउँपालिका क्षेत्रभित्र रहेका मठ, मन्दिर, गुम्बा, चैत्यहरूको मर्मत सम्भार, सम्वर्द्धन र संरक्षण गर्दै लगिने कार्यलाई निरन्तरता दिइनेछ ।
- स्थानीय तहमा सञ्चालन हुने मौलिक रीतिरिवाज, चाडपर्व, परम्परा धर्म संस्कृतिको संरक्षण सम्बर्द्धन र प्रवर्द्धन गर्दै लगिनेछ ।

**खेलकुद तथा मनोरञ्जन**

- गाउँपालिकाबाट विभिन्न खेलकुद प्रतियोगितामा सहभागी खेलाडी तथा पदाधिकारीलाई आर्थिक व्यवस्थापन गरिनेछ ।
- राष्ट्रपति रनिङशिल कार्यक्रम नियमित रुपमा संचालन तथा थप व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका भित्रका राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा क्षेत्रिय पदक विजेता खेलाडीहरुलाई सम्मान गरिनेछ ।
- खेलकुदमा युवा वर्गको सहभागिता अभिवृद्धि गर्न स्थानीय सङ्घ संस्था समेतको सहभागितामा गाउँपालिका तहमा विभिन्न खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- "स्वस्थ जीवनका लागि खेलकुद" भन्ने नाराका साथ अध्यक्षकप भलिवल, उपाध्यक्षकप महिला भलिवल प्रतियोगिता सञ्चालन गरिनेछ । साथै समग्र खेलकुद विकासमा जोड दिँइदै लगिनेछ ।
- विद्यालयमा खेल प्रशिक्षकको व्यवस्था गर्दै लगिनेछ ।
- खेलकुद सम्बन्धी संघसंस्था तथा व्यक्तिहरुलाई विभिन्न विधामा खेल प्रशिक्षण तथा प्रतियोगिता संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- प्रत्येक वडामा एक खेल मैदान निर्माण अभियान र गाउँपालिकामा एक खेलकुद ग्राम विकास गर्दै लगिनेछ ।
- गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरिनेछ ।
- ऐतिहासिक मेलुङ टुँडिखेललाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- जनप्रतिनिधि र कर्मचारीहरुको सम्बन्धलाई थप प्रगाढ बनाउन मैत्रीपूर्ण खेल आयोजना गरिनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

- लक्षित समुदाय (आदीवासी जनजाती र दलित) को भाषा, धर्म संस्कृति र परम्पराको अध्ययन अनुसन्धान गरी नीति निर्माण गरिनेछ। यसका लागि आवाश्यक बजेट व्यवस्था गरिनेछ
- अपाङ्गता पहिचान, वर्गिकरण तथा परिचय पत्र वितरण शिविर सञ्चालन गरिनेछ ।
- लक्षित वर्गको कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- परिवारबाट अपहेलित ज्येष्ठ नागरिकको संरक्षण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरुको क्षमता विकासका लागि मागमा आधारित तालिम संचालन गरिनेछ ।
- दलित समुदायको लागि सीप विकास तथा जिविकोपार्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- प्रत्येक वडामा जेष्ठ नागरिक मनोरञ्जन केन्द्र स्थापना गर्दै लगिनेछ ।

- यस गाउँपालिकालाई महिलामैत्री, वालमैत्री, अपाङ्गमैत्री र जेष्ठ नागरिकमैत्री गाउँपालिकाको रूपमा विकास गर्दै लगिनेछ ।
- सामाजिक विकृतिको रूपमा रहेको जातीय विभेदमुक्त समाज निर्माणका लागि पहल गरिनेछ ।
- गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- आरन सुधार कार्यक्रमलाई व्यवस्थित तथा विस्तार गर्दै लगिनेछ ।
- दलित तथा जनजाति समुदायहरुसँग रहेको परम्परागत सीप तथा क्षमतालाई प्रवर्द्धन गर्दै व्यवसायीकरण गर्न आवाश्यक सहयोग गरिनेछ ।
- महिला जागरण तथा शसक्तिकरणका लागि **महिलासँग उपाध्यक्ष** कार्यक्रम सञ्चालन गरिनेछ ।

**सामाजिक सुरक्षा**

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई नियमित, व्यवस्थित एवं सरल र सहज बनाउनका लागि सबै वडा कार्यालयमार्फत भत्ता उपलब्ध गराउन आवाश्यक व्यवस्था मिलाईनेछ ।
- मेलुङ गाउँपालिका स्थायी ठेगाना भएका व्यक्तिहरुको मृत्यु भएमा मृतक परिवारलाई मृत्यु भएको ३५ दिन भित्र मृत्यु दर्ता गराए पश्चात किरिया खर्च उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ ।
- 'ग' वर्गका अपाङ्गता भएका व्यक्तिहरुको जीवन निर्वाहका लागि आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।

उपाध्यक्ष तथ गाउँसभा सदस्यज्यूहरु

**अव म पूर्वाधार विकासमा लिइएका नीतिहरुका बारेमा जानकारी गराउँदछु ।**

स्थानीय सडक, पुल पुलेसा

- सडक, सिञ्चाई, खानेपानी सहितको दीगो पूर्वाधार : सुरक्षित आवास, समृद्ध मेलुङको मुल आधार ! भन्ने नाराका साथ योजना बैंक बनाई कार्यान्वयनमा लगिनेछ ।
- भौतिक पुर्वाधार विकासको गुरुयोजना तयार गरिनेछ ।
- मेलुङ चक्रपथको अवधारणा अगाडि बढाइनेछ ।
- घर नक्सापास कार्यलाई अगाडी बढाइनेछ ।
- गाउँपालिका स्तरीय गौरवका आयोजनाहरुको DPR अनुसार स्तरोन्नती कार्य सम्पन्न गरी कालोपत्रे गर्न सङ्घीय सरकार, प्रदेश सरकार र विभिन्न दातृ निकायसँगको सहयोग एवम् सहकार्यमा कालोपत्रे गर्न विशेष पहल गरिनेछ ।

- मेलुङ गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७५ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नियमावली निर्माण गरिनेछ ।
- गाउँपालिका भित्र निर्माण भएका सडक तथा सार्वजनिक संरचनाहरुको प्रोफाईल तयार गरिनेछ ।
- प्रमुख बजार केन्द्रहरुमा साना सवारी एवं सार्वजनिक बस सेवा नियमित संचालनको लागि विशेष पहल गरिनेछ ।
- सार्वजनिक निर्माण कार्यहरुलाई समयमै सम्पन्न गराउन तोकिएको कार्यतालिकालाई प्रभावकारी रुपमा कार्यान्वयन गराइनेछ । सो अनुसारको कार्य नगर्ने उपभोक्ता समिति/निर्माण व्यवसायीलाई आवाश्यक कारवाही प्रकृया अगाडि बढाईनेछ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका सडकहरुलाई आवश्यकताका आधारमा मर्मत सम्भार गर्न “मर्मत सम्भार कोष”लाई निरन्तरता दिईनेछ ।
- उपभोक्ता समितिको कार्य क्षमता, कार्यकुशलता अभिवृद्धि गर्न अभिमुखिकरण कार्यक्रम लाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाभित्र रहेका खोला तथा नदीजन्य स्रोतहरूको पहिचान तथा परिचालनका लागि IEE (प्रारम्भिक वातावरणीय परीक्षण) गरी सम्भाव्यताको आधारमा गिट्टी, बालुवा, ढुङ्गा लगायतका निर्माण सामग्रीको प्रचलित कानुन बमोजिम ठेक्का लगाई आन्तरिक आयमा जोड दिइनेछ ।
- यस गाउँपालिकाका Lifeline सडकको रुपमा पहिचान गरिएको (शित्तली-मेलुङ-बुद्धचोक-भैंसे र नयाँपुल-पवटी-डाँडाखर्क सडकको बाँकी खण्ड) सडकलाई सङ्घ र प्रदेश सरकारको आर्थिक सहयोगमा कालोपत्रे गर्दै लगिनेछ ।
- मेलुङ गाउँपालिका क्षेत्रमा रहेका नदी तथा खोलाहरुमा पक्की र झोलुङ्गे पुल निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गर्न रोजगार सेवा केन्द्रको सुदृढिकरण गरी विपन्न श्रमिकलाई रोजगारीमा केन्द्रित गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालन गरिने सम्भावित भौतिक योजनाहरुको विस्तृत योजना प्रतिवेदन (DPR) तयार गरिनेछ ।

**सिँचाई**

- गाउँपालिका भित्रका कृषियोग्य भूमिमा सिंचाइको व्यवस्था गरिनेछ ।
- लिफ्ट सिंचाई प्रणाली (Lift Irrigation System) लाई मागका आधारमा अति आवश्यक स्थानमा सञ्चालन गर्न पहल गरिनेछ ।
- पानीका मुहानको संरक्षण तथा सङ्कलन पोखरी निर्माण गरी साना तथा थोपा सिँचाई प्रणालीको विकास गरिनेछ ।

- परम्परागत सिञ्चाई कुलोहरुको मर्मत सुधार तथा प्रवर्द्धन गर्दै लगिनेछ ।

**भवन तथा सहरी विकास**

- गाउँपालिकाको सुविधासम्पन्न प्रशासकिय भवन निर्माण प्रकृयालाई तत्काल अगाडि बढाईनेछ । गाउँपालिका तथा वडा कार्यालयहरूको भवन निर्माण गरी आवश्यक भौतिक पूर्वाधार सहित, सूचना प्रविधि समेतको व्यवस्था गरी सेवा सुविधालाई चुस्त दुरुस्त र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको कार्यसम्पादनका लागि सभाहल निर्माणका लागि आवाश्यक बजेटको व्यवस्था गरिनेछ ।
- मेलुङ गाउँपालिका भित्रका घरधुरी एकिन गरी गाउँपालिकाको सेवालाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि घर नम्बर राख्ने कार्यक्रम लागु गरिनेछ ।
- नेपालको संविधानको मौलिक हक अनुरुप निजी आवास तथा सम्पत्ति संरक्षणको अधिकारलाई सुनिश्चित गर्न मेलुङ गाउँपालिका प्रतिवद्ध छ ।
- मेलुङ गाउँपालिकाको वडा नं. ४ (साविक भेड्पु गा.वि.स.) हालसम्म नापी नभएको हुँदा सङ्घीय सरकार र प्रदेश सरकारसँगको समन्वयमा भोगचलनको आधारमा व्यक्तिको नाममा जग्गा नापी गर्ने अभियान सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- मेलुङ गाउँपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता तयार गरी नक्सापास गर्ने कार्य प्रारम्भ गरिनेछ । अव्यवस्थित र असुरक्षित भवन तथा संरचनाहरू हटाउने कार्यलाई निरन्तरता दिईनेछ ।
- मापदण्डअनुसार निर्माण भएका घरमा सुधारिएको चुलो जडान गर्ने कार्यलाई अभियानको रूपमा लागू गरिनेछ ।
- भुकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण सम्पन्न भएका टोल बस्तीहरूलाई पुनःनिर्माण प्राधिकरणको नियमानुसार निर्माण सम्पन्न प्रमाण पत्र वितरणको कार्यलाई सहज बनाइनेछ ।
- भुकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माणमा छुट भएका वास्तविक लाभग्राहीहरुको तथ्याङ्क संकलन गरि घर पुननिर्माण गर्न सरकारी/गैरसरकारी निकायहरुमा पहल गरिनेछ ।

**जल विद्युत तथा नविकरणीय उर्जा**

- तामाकोशी तेस्रो जलविद्युत आयोजनाको कार्यान्वयनले गाउँपालिका क्षेत्रको विकासमा खेल्न सक्ने भूमिकालाई मध्यनजर गरी उक्त आयोजना सञ्चालन गर्न विशेष पहल गरिनेछ ।

- विद्युतीकरण भएका टोल बस्तीहरूमा जोखिमको रुपमा रहेको काठे पोललाई प्रतिस्थापन गरी फलामे पोल जडान गर्न नेपाल विद्युत प्राधिकरण सँगको समन्वय र सहकार्यमा उक्त कार्यको थालनी गरी व्यवस्थित गरिनेछ ।
- उज्यालो मेलुङ अभियान अन्तर्गत वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको समन्वय र सहकार्यमा मेलुङ गाउँपालिका भित्रका मुख्य बजार क्षेत्र, चोक, मठमन्दिर, गुम्बा, चैत्य, सार्वजनिक स्थल, शैक्षिक क्षेत्रहरुमा सौर्य बत्ती व्यवस्थापनको कार्यलाई निरन्तरता दिइने छ । साथै गाउँपालिकाका विभिन्न क्षेत्रमा सौर्य सिंचाईको प्रवन्ध गर्दै लगिनेछ ।

**सूचना तथा सञ्चार**

- **स्मार्ट मेलुङ गाउँपालिका अभियान** अन्तर्गत पालिकामा रहेका वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था लगायतका सरकारी तथा गैरसरकारी कार्यालयहरुमा इन्टरनेटको व्यवस्था गरी इलष्लिभ मार्फत कार्यसम्पादन प्रकृयालाई अगाडी बढाइनेछ ।
- गाउँपालिकामा सूचना प्रविधि केन्द्र स्थापना (Melung Information Center) गरी सर्वसाधारणलाई सूचना प्रविधिको पहुँच अभिवृद्धि गर्दै लगिनेछ ।
- गाउँपालिकाको वृत्तचित्र, स्मारिका र ब्रोसियर तयार गरी प्रकाशन गरिनेछ ।
- फोन तथा इन्टरनेट सुविधालाई भरपर्दो बनाउन गाउँपालिकाको क्षेत्रभित्र नेपाल टेलिकमको टावर निर्माण गर्न पहल गरिनेछ ।
- गाउँपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूलाई सूचना प्रविधिमैत्री बनाई सेवालाई प्रभावकारी बनाइनेछ ।

उपाध्यक्ष तथा गाउँसभा सदस्यज्यूहरु

**वातावरण तथा विपद व्यवस्थापन वन तथा भू संरक्षण**

- नयाँ निर्माण भएका सडकहरुको दिगोपनका लागि "**हरियाली सडक अभियान"** सञ्चालन गरिनेछ ।
- डढेलो लगाउने तथा वनविनाश गर्ने व्यक्ति वा समूहलाई प्रभावकारी अनुसन्धान गरि आवाश्यक कानुनी कारवाही गरिनेछ ।
- वर्षेनी सुख्खायाममा वनमा लाग्ने गरेको डढेलोको नियन्त्रणका लागि आम सचेतीकरण, अग्निनियन्त्रण रेखा निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ ।
- वनक्षेत्रमा जैविक विविधता कायम गर्न माउरुख, लोपोन्मुख जीवजन्तु तथा वनस्पतीहरुको संरक्षणका लागि सामुदायीक वनसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक वनको व्यवस्थापनका लागि आवश्यक कार्यविधि बनाइ लागु गरिदै लगिनेछ ।

- सामुदायिक वन, राष्ट्रिय वन, कबुलियती वन, धार्मिक वन आदीको सिमाङ्कन गरी वन पैदावारहरुको व्यवस्थापन गरिनेछ ।
- सामुदायिक वनहरुको वार्षिक लेखापरीक्षण कार्यलाई अनिवार्य गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गा, सामुदायिक वन, कवुलियती वन, धार्मिक वन तथा निजी जग्गा समेतमा विभिन्न प्रकारका फलफूल तथा जडिबुटी खेतीको विस्तार गर्ने, वनजन्य स्रोतहरूको संरक्षण तथा व्यवस्थापन गर्ने तथा वन्यजन्तुहरू तथा जैविक विविधताको संरक्षण गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका समुदायद्वारा व्यवस्थापन गरिएका वन क्षेत्रलाई स्थानीय समुदायको सहभागितामा वनजन्य स्रोतको व्यवस्थापनबाट आय आर्जनमा वृद्धि गरि उत्पादनमुखी वन व्यवस्थापनको नीतिलाई अङ्गीकार गरिनेछ ।
- शैलुङ क्षेत्रलाई समुदायमा आधारित एकीकृत प्राकृतिक स्रोत व्यवस्थापन, जैविक विविधता संरक्षण तथा पर्यापर्यटनको विकासको लागि शैलुङ संरक्षित वनको अवधारणा अनुसार व्यवस्थापन गर्न पहल गरिनेछ ।
- मिल्ती खोला, फड्के खोला, लड्के खोला, घ्याङ्गखोला, अधेरी खोला जस्ता जलाधार क्षेत्र संरक्षण सम्बन्धी कामहरू सरोकारवाला निकायहरूसँगको समन्वयमा सञ्चालन गरिनेछ
- डढेलो, चट्याङ, सुख्खा खँडेरी, हुरी बतास, असिना जस्ता प्राकृतिक विपद् सम्बन्धी आम सचेतीकरण कार्यक्रम सञ्चालन गरी त्यसको जोखिम न्यूनीकरणका लागि विशेष पूर्व तयारी कार्यक्रम लागू गरिनेछ ।
- विद्युतीय उपकरण (करेन्ट), विषादीको प्रयोग गर्दै खोला, नदिमा माछा मार्ने कार्यलाई निषेध गरी माछा लगायत जलचरको समुचित संरक्षण गर्ने कार्यलाई प्रभाकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- विश्वव्यापी रुपमा देखा परेको उष्णता, हरितगृह प्रभाव र वायुमण्डलीय ओजन तहको विनाशलाई मध्यनजर गर्दै वातावरण संरक्षण, दिगो विकासको लागि बहुवर्षीय तथा बहुउपयोगी वृक्ष जस्तै :- वर, पिपल, स्वामी, रुद्राक्ष, अशोक वृक्ष आदि वृक्षारोपण तथा संरक्षण गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र सम्भाव्यता अध्ययन गरी समुदायमा आधारित विभिन्न पार्क जस्तै : मेलुङ पार्क, सामुदायिक वन क्षेत्रभित्र वनभोज स्थलहरू निर्माण गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक वन सार्वजनिक जग्गा जमिन र निजी जग्गामा (लिजमा) जडीबुटी उद्यानको स्थापनाका लागि प्रोत्साहन गरिनेछ ।

**विपद् व्यवस्थापन**

- गाउँपालिका स्तरिय विपद जोखिम न्युनिकरण योजना तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।

- अति जोखीम क्षेत्रहरुमा जोखिम न्युनीकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि बजेट व्यवस्था गरिनेछ ।
- "अध्यक्ष विपद व्यवस्थापन कोष" लाई निरन्तरता दिइनेछ ।
- विपद् व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरी प्रकोपमा परेका व्यक्तिहरूको तत्काल उद्धार, राहत र पुनःनिर्माण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- मेलुङ गाउँपालिकामा विपद् व्यवस्थापन पूर्व तयारी तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ । तयारी भइसकेको योजनाको कार्यान्वयन र अद्यावधिक गर्दै लगिनेछ ।
- प्राकृतिक प्रकोपका कारण घरवारविहिन भएका व्यक्ति तथा परिवारलाई तत्काल उद्धार गरी **"खाना, नाना तथा अस्थायी आवास"को** व्यवस्था गरिनेछ ।

**फोहोर मैला तथा ढल व्यवस्थापन**

- गाउँपालिका क्षेत्रभित्र रहेका प्लाष्टिकजन्य तथा सिसाजन्य फोहोरमैलाको व्यवस्थापनलाई विशेष ध्यान दिइनेछ ।
- घर घरबाट निस्कने फोहरलाई कुहिने र नकुहिने फोहोरमा विभाजन गरी कुहिने फोहोरलाई कम्पोस्ट मलको रूपमा उपयोग गराउन अभिप्रेरित गरिनेछ ।
- दिगो रुपमा फोहोरमैला व्यवस्थापन गर्नका लागि ल्याण्डफिल्ड साइटको पहिचान तथा व्यवस्थापनको कार्य गर्दै लगिनेछ ।

## उपाध्यक्ष तथा गाउँसभा सदस्यज्यूहरु

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- मेलुङ गाउँपालिकाका शिक्षित युवाहरुलाई सार्वजनिक सेवातर्फ आकर्षित गर्नका लागि प्रतिष्पर्धात्मक लोकसेवा लगायतका परिक्षाहरुको तयारी कक्षा सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा निर्माण गर्नुपर्ने ऐन, कानुन, नियमावली तथा कार्यवीधिहरुको निर्माण गरी लागु गर्दै लगिनेछ ।
- स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्यांकन LISA सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाबाट हालसम्म भएका महत्वपूर्ण कार्यक्रमहरुको समिक्षा गर्दै दस्तावेजीकरण गर्नका लागि विभिन्न प्रकाशन/प्रसारण सामाग्रीहरुको उत्पादन गरिनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवाको गुणस्तरियता वृद्धि गर्नका लागि जनप्रतिनिधी तथा कर्मचारीहरुबाट मुस्कानसहितको सेवा लागु गरिनेछ ।
- जनप्रतिनिधी तथा कर्मचारीहरुका लागि असल अभ्यासको आदानप्रदान गर्नका लागि अवलोकन भ्रमण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा कार्यरत प्राविधिक(इञ्जिनियरिङ सेवा) तर्फका कर्मचारीहरुलाई थप सुविधाको व्यवस्था गरिनेछ ।

- करारसेवामा कार्यरत कर्मचारीहरुको समयानुकुल तलवभत्तामा समायोजन गरिनेछ ।
- गाउँपालिकामा गठन भएका टोल विकास संस्थाहरूको क्षमता विकास गर्दै थप टोल सिवकास समितिहरु गठन गरिनेछ ।
- गाउँपालिकाका गतिविधिहरूलाई आम नागरिकसम्म पुऱ्याउन स्थानीय रेडियो मार्फत "मेलुङ सेरोफेरो" कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाबाट भए गरेका गतिविधिहरूको चौमासिक सार्वजनिक सुनुवाई गरीनेछ ।
- भ्रष्टाचारमा शून्य सहनशीलता नीति अवलम्बन गरिनेछ ।
- न्यायिक समितिको क्षमता अभिवृद्धि गरी न्यायिक समितिबाट प्रवाह गरिने कार्यलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । यसको सहयोगका लागि आवश्यकता अनुसार वडाहरूमा मेलमिलाप केन्द्र थप व्यवस्थित र मेलमिलापकर्ताहरुलाई पुन सुचीकृत गरिनेछ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई वृत्ति विकासका लागि आवश्यकताका आधारमा क्षमता विकास, नेतृत्व विकास तालिमहरु संचालन गर्दै लगिनेछ । साथै कर्मचारीका लागि विशेष प्रोत्साहन तथा आवश्यकता आधारमा थप सुविधाको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिका अन्तरगत रहेका कार्यालय, स्वास्थ्य चौकी, शिक्षण संस्था लगायतका सबै निकायमा कार्यरत कर्मचारीहरुलाई कार्यालयप्रति जिम्मेवार बनाईनेछ । आफ्नो जिम्मेवारी प्रति जिम्मेवार नहुने, अटेरी गर्ने, सेवाग्रहीप्रति असहिष्णु हुने कर्मचारीहरुलाई कानूनी कारवाही वा जिम्मेवारीबाट अलग गरिनेछ । यसका लागि निगरानी संयन्त्र निर्माण गरिनेछ ।

- गाउँपालिकाको सम्पुर्ण योजनालाई योजना व्यवस्थापन प्रणालीमा राख्न सफ्टवेयर जडान गरिनेछ ।

- गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक सम्तित्तिहरुको संरक्षण, सम्बर्द्ध गर्दै लगिनेछ ।

**सभाध्यक्ष महोदय,**

गाउँ सभाका सदस्य ज्यूहरु, अब म माथि विनियोजित कायक्रमका लागि खर्च व्यहोर्ने श्रोतहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी आ.व.२०७९/०८० को प्रस्तावित बजेट तथा कार्यक्रमका लागि खर्च व्यहोर्न संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान १३ करोड ४७ लाख, सशर्त अनुदान चालु तर्फ १९ करोड ८४ लाख, पूँजीगत तर्फ १ करोड ८ लाख, विशेष अनुदान १ करोड, समपुरक अनुदान १ करोड, संघीय राजस्व बाँडफाँडबा ८ करोड ४ लाख ६० हजार, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण १ करोड २९ लाख ५२ हजार, प्रदेश सशर्त अनुदान ३ करोड २८ लाख २४ हजार, विशेष अनुदान १ करोड ५० लाख, समपुरक अनुदान २ करोड, प्रदेश राजस्व बाँडफाँड १ करोड ४८ लाख, अनुमानित आन्तरिक

आम्दानी र गत आ.व. को सञ्चित कोष बाँकी मौज्दात रकम ४ करोड २० लाख ५० हजार गरी कुल ५८ करोड १९ लाख ८६ हजार रकम अनुमान गरेको छु । त्यसैगरी व्यय तर्फ आर्थिक विकास तर्फ ४ करोड २५ लाख ३० हजार, सामाजिक विकास तर्फ २५ करोड ८६ लाख ८२ हजार, पूर्वाधार विकास तर्फ १९ करोड ७६ लाख २४ हजार, सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र तर्फ २ करोड ३१ लाख ६० हजार र कार्यालय सञ्चाल तथा प्रशासनीक तर्फ ५ करोड १९ लाख ९० हजार गरी कुल ५८ करोड १९ लाख ८६ हजार खर्च हुने अनुमान गरेको छु । समग्र राजस्व तथा अनुदान प्राप्तिको अनुमान यसै नीति, बजेट तथा कार्यक्रममा प्रस्तुत गरिएको छ । यो नीति, बजेट र कार्यक्रम तयार गर्दा मार्गदर्शन गर्नुहुने श्रद्धेय अध्यक्षज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

बजेट तथा कार्यक्रम तर्जुमा गर्दा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका सदस्य ज्यूहरु, राजस्व परामर्श समितिका सदस्य ज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्य ज्यूहरु, कार्यपालिकाका विभिन्न समितिका सदस्य ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु साथै सम्पूर्ण गाउँ सभाका सदस्य ज्यूहरुबाट प्राप्त सुझाव प्रेरणा र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै, बजेट तथा कार्यक्रम निर्माणका लागि नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, बौद्धिक वर्ग, राष्ट्रसेवक कर्मचारीहरु तथा गाउँपालिका वासी दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, मेलुङ गाउँपालिकाको आर्थिक, सामाजिक विकासमा सहयोग पुर्याउने नेपाल सरकार, वागमति प्रदेश सरकार, करदाता गाउँपालिका वासी, अन्य साझेदार राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यो बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि सबै पक्षहरुबाट पूर्ण साथ सहयोग रहने अपेक्षा गर्दछु । धन्यावाद !

गायत्री आचार्य

उपाध्यक्ष

२७ असार, २०७९